इटहरी उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# इटहरी अस्पताल
# (Itahari Hospital)

इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

प.स.: २०७७।०७८
च.न.: १९९

स्वास्थ्य बीमा कार्यक्रमको औषधी खरिद कार्यको गोप्य सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।

(प्रथम पटक मिति: २०७७।१०।०८ गते, राष्ट्रिय दैनिक ब्लाष्ट टाइम्स पत्रिकामा प्रकाशित)

इटहरी अस्पतालको मिति २०७७।१०।०४ को खरिद समितिको निर्णय बमोजिम चा.लु. आ.व २०७७।०७८ को स्वीकृत वजेट अनुसार अस्पतालको स्वास्थ्य बीमा कार्यक्रम अन्र्तगत वितरण हुने औषधीहरु खरीद गर्नु पर्ने भएको हुँदा इच्छुक फर्म तथा व्यवसायीबाट यो सूचनाको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्न आब्हान गरिएको छ । अन्य विस्तृत सुचना अस्पतालको सुचना पाटी, इटहरी उपमहानगरपालिकाको वेवसाइट www.itaharimun.gov.np वा अस्पतालको स्टोर शाखावाट प्राप्त गर्न सकिने छ ।

शर्तहरू:

१. प्रति दरभाउपत्र फारम प्रति रू.१०००। (एक हजार) फिर्ता नहुने गरी इटहरी अस्पतालको स्वामित्वमा रहेको **सामुदायिक स्वास्थ्य व्यवस्थापन समिति इटहरी**को नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लिमिटेड, इटहरीमा रहेको बैंक खाता चल्ती हिसाब न. २५५०१००००१३३७००१ मा जम्मा गरि सो को सक्कलै भौचर पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र यस कार्यालयको स्टोर शाखाबाट खरिद गर्न सकिनेछ । दरभाउ पत्र फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नबिकरण भएको फर्मको इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राख्नु पर्ने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र खरीद गर्ने र १६ औं दिन १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिन ठीक २:०० बजे यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्र दाता वा निजहरूको प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउपत्र दाता वा निजहरूको प्रतिनिधीहरूको उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र पेश गर्दा तपसिलको रकम धरौटी बापत इटहरी अस्पतालको स्वामित्वमा रहेको **प्रा.स्वा.के. इटहरी**को नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लिमिटेड, इटहरीमा रहेको बैंक खाता चल्ती हिसाब न. २५५०१००००२२६८००१ जम्मा गरि सो को सक्कलै भौचर वा मान्यता प्राप्त बैंकको ४ महिना म्याद भएको विडवण्ड सक्कलै दरभाउपत्र साथ संलग्न गर्नु पर्ने छ ।

२०७७।१०।०८

Manish.
निमित्त मेडिकल सुपरिटेन्डेन्ट

४. दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखित रूपमा गरेको स्वघोषणा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र पेश गर्दा  शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको बिवरण र दरभाउपत्र दाता फर्मको नाम, ठेगाना, छाप र कुन विषयको दरभाउ पत्र पेस गरेको हो स्पष्ट रूपलेउल्लेख गरेको हुनुपर्ने छ ।

६. प्राप्त  दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको फारममा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । साथै **दरभाउ पत्रमा रू.१० को हुलाक टिकट टास गर्नु पर्ने छ ।**

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन

९. दरभाउ खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी दरभाउपत्र भरेको मानिनेछ ।

१०. दरभाउपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । **अंक र अक्षरमा उल्लेख भएको दररेटमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।**

११. दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोली पल्ट सो कार्यहरू हुनेछ ।

१२. दरभाउपत्रमा दररेट उल्लेख गर्दा मु.अ.क. बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ ।

१३. दरभाउदाताले नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ । साथै निजको जमानत समेत जफत हुनेछ ।

१४. नियमानुसार कर दस्तुर आदि दरभाउपत्र पेश गर्ने फर्मले स्वयं वेहोर्नु पर्ने छ ।

१५. एक फर्मको नाममा खरिद भएको दरभाउ फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएको १५ दिन भित्र उल्लेखित सामाग्री उपलब्ध गराउनु पर्नेछ।

१७. प्रत्येक औषधी तथा औषधीजन्य सामाग्रीहरुको आइटमवाइज उत्पादन कम्पनीको WHO वाट GMP प्रमाणित भएको औषधी तथा औषधीजन्यहरु आपूर्ति गर्नु पर्ने छ ।

१८. औषधी तथा औषधीजन्यहरु दाखिला गर्दा कम्तीमा १८ महिनाको Expiry Date वाँकी हुनु पर्ने छ

Manish
निमित्त मेडिकल सुपरिटेन्डेन्ट

इटहरी उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# इटहरी अस्पताल
# (Itahari Hospital)

इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

प.स.: २०७७।०७८
च.न.: १९९

१९.औषधीहरुको Expiry Date र Batch No सहितको Check List उपलब्ध गराउनु पर्ने छ ।

२०. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) र प्रचलित कानुन अनुसार हुने छ ।

| क.सं. | सुचना नं. | कामको विवरण | दरभाउ पत्र खरीद गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र खुल्ने मिति र समय | दरभाउपत्र दस्तुर रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१। २०७७।०७८ | स्वास्थ्य वीमा कार्यक्रमको लागी औषधी खरिद सम्वन्धि कार्य | २०७७।१०।२२ गते कार्यालय समय भित्र | २०७७।१०।२३ गते दिनको १२.०० बजेसम्म | २०७७।१०।२३ गते दिनको दिनको २ बजे पछी | १०००। | ५०,०००। | |

Manish
..................................
(डा. मनिष कुमार शर्मा)
निमित्त मेडिकल सुपरिटेन्डेन्ट

इटहरी उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# इटहरी अस्पताल
# (Itahari Hospital)

इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

प.स.: २०७७।०७८
च.न.: १६६

मितिः २०७७।१०।०८ गते, राष्ट्रिय दैनिक ब्लाष्ट टाइम्स पत्रिकामा प्रकाशित स्वास्थ्य बीमा कार्यक्रमको औषधी खरिद कार्यको गोप्य सिलबन्दी दरभाउ पत्र फर्म खरिद र दर्ताको लागि रकम वुझाउने प्रयोजनार्थ वैंक खाताको विवरण

| सि.न. | वैक खाताको विवरण | दरभाउपत्र फारम खरिदको लागि | रकम धरौटी को लागि | कैफियत |
|---|---|---|---|---|
| १ | वैक खाता नाम | सामुदायिक स्वास्थ्य व्यवस्थापन समिति इटहरी | प्रा.स्वा.के. इटहरी | |
| २ | वैक खाता नं. | २५५०१००००१३३७००१ | २५५०१००००२२६८००१ | |

(डा. मनिष कुमार शर्मा)
निमित्त मेडिकल सुपरिटेन्डेन्ट